सुचना नं.१

# सन्धिखर्क नगर कार्यपालिका कार्यालय,अर्घाखाँची

## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना प्रकाशित

**मिति-२०७५/०६/०८**

नेपालको संबिधानको अनुसुची ८ र ५ नं. प्रदेश सरकारको आर्थिक ऐन वमोजिम साविक जि.स.स.बाट स्वीकृत प्राराम्भीक वातावरणिय परिक्षण (IEE )प्रतिबेदन वमोजिम तपसिलमा उल्लेखित खोलाहरुवाट ढुङ्गा,गिटी,बालुवा,ग्राभेल उत्खनन् संकलन तथा बिक्रीका लागि संझौता भएको मिति देखि २०७६ जेठ मसान्त सम्मका लागि आ.ब.०७५/७६ मा ठेक्का प्रकृयाको माध्यम द्वारा कर संकलन गर्ने निर्णय भएको हुदाँ तपसिलका शर्तहरुका अधिनमा रहि ईच्छुक ब्यक्ति,फर्म तथा संघ संस्थाहरुले सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. बोलपत्र फारामको लागि रु १०००।-(एक हजार,फिर्ता नहुने गरि) २०७५/६/२३ गते सम्म खरिद गर्न सकिने छ ।

२. आफुले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गरी बोलपत्र फाराममा ठेकेदारको नाम,थर,ठेगाना र सहीछाप एंब संघ संस्थाको भए छाप समेत लगाई मिति २०७५/६/२३ गते दिनको १२.०० बजे भित्र सन्धिखर्क नगरपालिका कार्यालय,अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ ।

३. दाखिला भएका बोलपत्रहरु मिति-२०७५/६/२३ गते दिनको १.०० बजे सन्धिखर्क नगरपालिका कार्यालयमा बिभिन्न कार्यालयका प्रतिनिधि र बोलपत्र दाता प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने,दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य सोको भोली पल्ट हुनेछ ।

४. बोलपत्र दाताले आफुले कबोल गरेको अंकको नेपाली भए ५(पाँच) प्रतिशत गैर नेपाली भए १०(दश) प्रतिशतले हुने रकम सन्धिखर्क नगरपालिका कार्यालय, अर्घाखाँचीको नाममा रा.बा.बैंक सन्धिखर्क स्थित धरौटी खाता नं.मा **३०५०३०३००७१०६** मा जम्मा गरेको सक्कल बैंक भौचर वा राष्ट्र बैंकद्वारा मान्यता प्राप्त सन्धिखर्क नगरपालिका कार्यालय,अर्घाखाँचीको नाममा जारी भएको १२० दिन म्याद भएको बिडवण्ड पेश गर्नुपर्ने छ ।

५. बोलपत्र फारम स्विकृत भएपछि बोलपत्र दाताले कबुल गरेको कुल रकमको नेपाल राष्ट्र बैंक द्वारा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरिएको ठेक्का को अबधि भन्दा ३० दिन बढि सम्मको म्याद भएको परफरमेन्स वण्डको सक्कल वा नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेपछि बोलपत्र दातासँग संझौता गरि ठेक्काको चलान पूर्जी दिईने छ ।

६. बोलपत्र दाताले संझौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुश्ठ बुझाउदा १०% सम्म रकम छुट दिन सकिने छ ।

७. बिगत आ.व.मा ठेक्का लिई रकम बुझाउन बाकी राखेका ब्यक्ति /फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन । तर सन्धिखर्क नगरपालिका कार्यालय लाई बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनवाट बन्चित गरिने छैन ।

८. यस सूचनामा उल्लेखित भएका बिषयको हकमा सोही अनुसार र छुट हुन आएका बिषयहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

९. ठेकेदार र कार्यालयको बिचमा कुनै किसिमको बिबाद पर्न गएमा सन्धिखर्क नगरपालिका कार्यालयको निर्णयनै अन्तीम हुनेछ ।

१०. आफुले लिएको ठेक्काको चलान गरि रकम उठाउने जिम्मेवारी स्वम ठेकेदारमानै हुनेछ । ठेक्का रकम उठाउन नसकेको कारण जनाई सन्धिखर्क नगरपालिका कार्यालय सँग कुनै किसिमको मिनाहाका लागि दाबी गर्न पाईने छैन ।

११. सन्धिखर्क नगरपालिका कार्यालयको स्विकृत बेगर ठेकेदारले ठेक्का छाड्न पाईने छैन तर ठेक्का शर्त अनुसार ठेकेदारले पालन गर्नुपर्ने शर्तहरु पालन नगरेमा सन्धिखर्क नगरपालिका कार्यालयले ठेक्का तोडी अर्को ब्यवस्था गर्न सक्ने छ । यसरी ठेक्का तोड्दा भएको हानी,नोक्सानी र हर्जना समेत सम्बन्धित ठेकदारले ब्यहोर्नु पर्नेछ ।

१२. ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात ठेकेदारले सम्बन्धित क्षेत्रमा ठेक्का शिर्षक र सम्झौंता रकम सहितको होर्डिङ बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१३. प्राप्त बोलपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१४. सबै ठेक्का नं. हरुमा कबुल अंकको १.५ % अग्रिम आयकर र थप १३% मुल्य अभिबृद्धि कर लाग्ने छ ।

१५. यस सम्बन्धी थप सुचना जारी गर्नु परेमा यस कार्यालयको सुचना पाटीमा टास गरिने छ । र त्यसरी टास गरिने सुचना पनि यसै सुचनाको अंङ्ग मानिने छ ।

१६. प्रकाशित सुचना वमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार सन्धिखर्क नगरपालिका कार्यालयमा निहित रहने छ ।

१७. यस सम्बन्धी अन्य कुरा बुझ्न परेमा कार्यालय समयमा फोन नं. ०७७-४२०११२ मा सम्पर्क गर्न सकिने छ ।

ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल उत्खनन् संकलन तथा बिक्रि कर,शुल्क संकलन सम्बन्धि ठेक्काको बिबरण

| ठेक्का नं. | बिबरण | श्रोत संकलनका लागि तोकिएको बिन्दु | ०७५/७६ को लागि कायम न्युनतम ठेक्का रकम | संकलन गर्न पाउने रकम (१३% मु.अ.कर.बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिणाम (घ.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बागीखोला | ठुल्टारी,बागी मथुरा संगम सम्म | १,०४,४१३।- | ३.०० | प्रति क्यु फुट | ९८६.५० | स.न.पा.क्षेत्र भित्र मात्र |
| २ | जरे मथुराखोला | बौवा गँाडापारी,बोक्सेरह तल्लो उपल्लो खण्ड,जरेखोला पुलभन्दा माथिल्लो भाग खण्डहरु | १,६८,८१५।- | ३.०० | प्रति क्यु फुट | १५९५ | स.न.पा.क्षेत्र भित्र मात्र |

प्रमुख प्रशासकिय अधिकृत
सन्धिखर्क नगर कार्यपालिका कार्यालय,अर्घाखाँची